# रसुवा-भोटेकोशी लेदोसहितको बाढी: खोज, उद्धार तथा राहत प्रतिकार्य

## स्थिति प्रतिवेदन # ११

मिति : २०८३ भदौ १६ गते, साँझ ६:०० बजेसम्म

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित अवस्थाको खोज, उद्धार तथा राहत व्यवस्थापनका क्रममा भएका प्रतिकार्यहरू समेटिएका छन्।

## मुख्य विवरण




| Category | Camp Name |
|---|---|
| Holding Center | Colony Covered Hall / Bhairum Secondary School |
| Holding Center | Mailung (Hydro Area) |
| Holding Center | Tupchetar Health Post,Library |
| Holding Center | Nilkantha Secondary School, Bogatitar |
| Holding Center | Himalayan Campus(Kalikastan) |
| Holding Center | Tribhuvan Secondary School |
| Holding Center | Chandrajyoti Secondary School |
| Holding Center | Kriya Putri Bhawan |
| Holding Center | Khamjing |
| Holding Center | Indoor Hall |
| Holding Center | Tamang Plaza, Bidur-4, Battar |
| Holding Center | Sundari Kyaurini Secondary School |
| Holding Center | Sulakshana Secondary School |
| Holding Center | Ayurveda Alternative Hospital |
| Holding Center | Health Post, Bidur-2, Nuwakot Durbar Area |
| Holding Center | Trishuli Basic School. |
| Holding Center | Mahadev Secondary School. |
| Holding Center | Karki Manakamana Basic School, Karkigaun |
| Holding Center | Indrayani Basic School, Vidur-1 |
| Holding Center | Ranabhubaneswari Secondary School / Ward Office |
| Holding Center | Haku |
| Holding Center | Dhunche(City Hall Center) |
| Holding Center | Ramche(Ramche School) |
| Holding Center | Safrubesi(Syafru School) |
| Holding Center | Dadagaun(Nearby School) |
| Holding Center | Khaidi Gaun |
| Holding Center | Ronga |

- बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन कमाण्ड पोष्ट सक्रिय रहेको साथै स्वास्थ्य, सञ्चार, सडक र विद्युत् पुनःस्थापनाका लागि १५ वटा विषयगत आपत्कालीन समन्वय टोली मार्फत गरिदैछ।
- विभिन्न १६ वटा स्वास्थ्य संस्थाहरूमा कुल २९२ जना बिरामीको उपचार भएको, जसमध्ये १८२ जना डिस्चार्ज भएका छन्, ७४ जना उपचाररत छन्, ३३ जनालाई अन्य अस्पतालमा रिफर (प्रेषण) गरिएको छ भने उपचारका क्रममा ३ जनाको मृत्यु भएको छ।
- हालसम्म बाढी प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्ला र ति जिल्लाका १५ वटा स्थानीय तहलाई खोज, उद्धार तथा राहत व्यवस्थापनका लागि कुल रु. १६ करोड उपलब्ध गराइएको छ।
- बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत सामग्री वितरणलाई प्रभावकारी बनाई जनजीवन सामान्य बनाउन विदुर-५ देविघाट, बेलकोटगढी-८ र लिखु जोड्ने १८० मिटर तथा विदुर-१ गुम्बादेखि इन्द्राणीचौर, विदुर-४ जोड्ने २५५ मिटर लामो तुइन जडान गरिएको छ।
- पृथ्वी राजमार्गको मुग्लिङ-मलेखु खण्डस्थित कृष्णभीर र परेवा भीरमा सडकको तल्लो भाग (Toe) कटान भएका कारण काठमाडौं जोड्ने यातायातमा असर परेको र हाल वैकल्पिक मार्गको खोजी कार्य भइरहेको छ।
- बाढी प्रभावित करिडोर क्षेत्रका लगभग सबै टावर (साइटहरू) पुनः सञ्चालनमा आएसँगै धादिङदेखि रसुवा सीमासम्मको अधिकांश भू-भागमा सेवा सुचारु भएको छ।
- आजै मात्र रसुवा जिल्लाको आमाछोदीङमो गाउँपालिकाको अधिकांश भागमा सान्जेन जलविद्युतबाट छुट्टै प्रणाली मार्फत विद्युत् सुचारु गरिएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र ने.प्र.विपद् प्रतिकार्य तथा तालिम केन्द्र, सामाखुसीबाट स्थलमार्ग मार्फत किचेन सेट, सोलार लाइट, Family Tent, फुड बक्स, PPE/Dead Body Bags तथा खाद्य तथा हाइजिन किट, गैरखाद्य सामग्री रसुवा र नुवाकोटमा २० वटा गाडिमा पठाइएको।
- राहत व्यवस्थापनलाई थप व्यवस्थित र दोहोरो नपर्ने गरी सञ्चालन गर्न डिजिटल प्रणाली लागू गरिएको छ, जसअन्तर्गत हवाईमार्फत प्राप्त सामग्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आपत्कालीन गोदामघर र स्थलमार्गमार्फत प्राप्त सामग्री सामाखुसी, बट्टार (नुवाकोट) तथा धुन्चे (रसुवा) स्थित संकलन केन्द्रहरूमा व्यवस्थापन गरिएको छ। साथै सम्बन्धित वडा, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी राहत सामग्री उपलब्ध गराउन सकिने र राहत सामग्री सम्बन्धी द्विविधा भएमा ९८४९२८१०९७ मा सम्पर्क गर्न सकिनेछ।






## स्थिति अवलोकन



बाढीका कारण उत्पन्न आपत्कालीन अवस्थालाई सम्बोधन गर्न उद्धार, राहत तथा पूर्वाधार पुनःस्थापनाका कार्यहरू तीव्र रूपमा भइरहेका छन्। प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन कमाण्ड पोष्ट सक्रिय गराउनुका साथै २१,३१४ जना सुरक्षाकर्मी परिचालन गरिएको छ। माननीय गृहमन्त्री स्वयं उद्धार कार्यमा सहभागी भई सुरक्षाकर्मीको मनोबल बढाउनुका साथै प्रभावित जनसमुदायको साथमा हुनुहुन्छ। त्रिशूली-३ए, त्रिशूली-३बी, अपर त्रिशूली१, चिलिमे, रसुवागढी, लाङटाङ लगायतका जलविद्युत् आयोजनाहरूमा संयुक्त उद्धार कार्यका लागि नेपाली, भारतीय, चिनियाँ तथा कोरियन उद्धार टोलीहरू परिचालन भइरहेका छन्। सूचना प्रवाह तथा सञ्चार सेवा सहज बनाउन नेपाल दूरसञ्चार प्राधिकरणले २५ थान स्याटेलाइट फोन (रसुवा र नुवाकोटमा १०/१५ थान) उपलब्ध गराएको छ भने सहयोग र जानकारीका लागि ११३४, ११११, १०० र १११४ नम्बरहरू सञ्चालनमा ल्याइएको छ। उद्धार उडानको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र ड्रोन उडान गर्न अनुरोध गरिएको छ।

भौतिक पूर्वाधार तथा सेवा पुनःस्थापनातर्फ, टो-कटिङ (toe cutting) का कारण पृथ्वी राजमार्गको मुग्लिङ्ग-मलेखु खण्ड अवरुद्ध भएको छ। धादिङ र नुवाकोटमा विद्युत् आपूर्ति सुचारु भइसकेको छ भने रसुवाको ३०% काम पुरा भएको छ। समग्र राहत, सञ्चार, सडक र स्वास्थ्य सेवा पुनःस्थापनाका लागि १५ वटा विषयगत आपत्कालीन समन्वय टोली परिचालन गरिएका छन्। राहत व्यवस्थापनलाई थप व्यवस्थित र दोहोरो नपर्ने गरी सञ्चालन गर्न डिजिटल प्रणाली लागू गरिएको छ, जसअन्तर्गत हवाईमार्फत प्राप्त सामग्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आपत्कालीन गोदामघर र स्थलमार्गमार्फत प्राप्त सामग्री सामाखुसी, बट्टार (नुवाकोट) तथा धुन्चे (रसुवा) स्थित संकलन केन्द्रहरूमा व्यवस्थापन गरिएको छ।

## विपद् प्रभावित जलविद्युत आयोजनाहरूमा जारी उद्धार प्रयास तथा प्रगति



- त्रिशुली ३A जलविद्युत आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी र बिधुतका कर्मचारी गरि ९० जनाबाट खोज तथा उद्धार कार्य गर्ने क्रममा Crown Head रहेको ठाउँ पत्ता लगाइ १० मिटर गहिरो हिलो लेदो पन्छाएर Drilling गरि इनलेटमा प्वाल पारिएको, उक्त प्वालबाट अत्याधिक मात्रामा पानी आइरहेकोले अर्को ठाउँमा प्वाल पार्ने कार्य भइरहेको। खोज तथा उद्धार कार्य निरन्तर रहेको।
- त्रिशुली ३B जलविद्युत आयोजनामा हेली मार्फत एक्साभेटर Drop गरि नेपाली सेना, सशस्त्र प्रहरी र विद्युतका कर्मचारी गरी ४७ जनाबाट खोज तथा उद्धार कार्य भइरहेको।
- खोज तथा उद्धार कार्यका लागि १८ (shuttle) पटक हेली उडान गरिएको।
- नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा मित्र राष्ट्रबाट आएको विज्ञ टोलि समेतको टिमले (UT-1 २१६) अपर त्रिशुली १ को टनेल हेड हाकुमा करिब ३०० मिटर र टनेल टेल मैलुङ्गमा करिब २५० मिटर भित्रसम्म खोज तथा उद्धारको प्रयास भएको र उक्त टनेलहरुमा ३-४ मिटर बाक्लो दलदल हिलो रहेको।



- चिलिमे जलविद्युत आयोजनामा नेपाली सेना, मित्र राष्ट्रको विज्ञ टोली र CSSR टिमले करिब ५५ मिटर भित्रसम्म गई खोज तथा उद्धार कार्य गरिरहेको।
- रसुवागढी जलविद्युत आयोजनामा करिब २०० मिटर र लाङ्टाङ्गमा करिब १५० मिटर भित्रसम्म खोज तथा उद्धारको प्रयास भएको।
- अन्य जलविद्युत आयोजना लगायत ठाउँमा नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा खोज तथा उद्धार कार्य भइरहेको।
- नुवाकोट जिल्लाका विभिन्न ७ स्थानहरुमा नेपाली सेनाको Ground Forces बाट खोज तथा उद्धार कार्य भइरहेको।
- हरेक ठाउँमा पुग्ने गरि नेपाली सेनाको Petrol Team खोज तथा उद्धार गर्ने गरि परिचालन भएको।

# रसुवा बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट २०८३

मिति : २०८३ भदौ १६ गते, साँझ ६:०० बजेसम्म

यो तथ्यांक जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

उपचाररत र डिस्चार्ज भएका घाइतेको विवरण प्राधिकरणको फेसबुक र वेबसाइटमा उपलब्ध छ ।

## मानवीय क्षति *(मृत्यु संख्या विभिन्न मानव अङ्ग सहित)*




**कुल मृत्यु १०५०**

## बेपत्ता

### कुल सम्पर्क विहिन




### घाइते
**२९२**

### डिस्चार्ज
**१८२**

- नेपाली सेनाबाट स्वास्थ्य उपचार भएको संख्या : २,९१५
- सशस्त्र प्रहरीबाट स्वास्थ्य उपचार भएको संख्या : १,१५५

### सम्पर्क विहिनको विवरण




## भौतिक क्षति

### सञ्चार सेवा

- नेपाल टेलिकम: ११० टावरमा क्षति पुगेकोमा हाल सबै संचालनमा आएको
- एनसेल: ७८ टावरमा क्षति पुगेकोमा हाल ७५ टावर संचालनमा आएको ।

### सडक अवरुद्ध

सम्पर्कविहिन विदेशी नागरिक तथा विदेश बस्ने नेपालीहरू, उपचाररत व्यक्तिहरू र हेलिकप्टरबाट उद्धार गरिएका व्यक्तिहरूको विवरण प्राधिकरणको फेसबुक पेज र वेबसाइटमा हेर्न सकिन्छ।

## खोज, राहत तथा उद्धार

### कुल सुरक्षाकर्मी परिचालन

**२१,३१४**




### कुल उद्धार

**११,९९३**

हवाई उद्धार
**४,३६४**

विदेशी - २७३ | नेपाली - ४,०९१

कुल हवाई उडान **६१०**

निजि क्षेत्रबाट भएका उडान **२९**

आज ८४ उडान

### राहत सामग्री वितरण

- सडक र हवाईमार्ग मार्फत खाद्य र गैरखाद्य सामग्री प्रभावित जिल्लाहरूमा निरन्तर पठाइएको र आज मात्र थप २० गाडी राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको।
- राहत सामग्री व्यवस्थापनमा सरकारी, गैरसरकारी र निजी क्षेत्र, दातृ निकाय, विकास साझेदार, संघसंस्था, नागरिक समाज लगायतबाट निरन्तर सहयोग भइरहेको।

### नेपाल सरकारबाट नगद राहत

| रसुवा | नुवाकोट | धादिङ | प्रभावित १५ पालिका |
|---|---|---|---|
| १ करोड | १ करोड | ५० लाख | १३ करोड ५० लाख |

### होल्डिंग सेन्टर

**२७** नुवाकोट: १६ रसुवा: ११

**हाल होल्डिंग सेन्टरमा रहेका**

नुवाकोट : २४६६ धादिङ : २६०
रसुवा : ३९८ काठमाण्डौं : ३२९

### इन्धन मौज्दात *(लिटरमा)*

| डिजल | पेट्रोल | हवाई इन्धन |
|---|---|---|
| ३५ हजार | १५ हजार | ९ हजार |

### शव व्यवस्थापन

- पहिचान खुल्न नसकेका शवहरु विभिन्न जिल्लाका २१ अस्पतालमा राखिएका छन्।
- विस्तृत विवरणका लागि https://www.facebook.com/NDRRMA
- पहिचान नखुलेका शवको विवरण https://udb.nepalpolice.gov.np/disaster

# स्वास्थ्य संस्थाहरूमा उपचाररत घाइतेहरूको विवरण

| स्वास्थ्य संस्थाको नाम | जम्मा | उपचाररत | रेफर गरिएको | डिस्चार्ज भएको | मृत्यु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. रसुवा जिल्ला अस्पताल, धुन्चे | ८१ | ० | २७ | ५३ | १ | |
| २. त्रिशूली अस्पताल, बिदुर, नुवाकोट | १९ | २ | - | १७ | - | |
| ३. आयुर्वेदिक अस्पताल, पिपलटार, नुवाकोट | १९ | ९ | - | १० | - | |
| ४. राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध | ४९ | १३ | १ | ३४ | १ | |
| ५. श्री वीरेन्द्र अस्पताल, छाउनी | १ | १ | - | - | - | |
| ६. टिचिङ अस्पताल (TUTH), काठमाडौं | ७२ | २८ | ४ | ३९ | १ | ४ (बिरामी स्वयं अन्य अस्पतालमा गएका) |
| ७. NAMS/वीर अस्पताल, महाबौद्ध | २० | ५ | - | १५ | - | |
| ८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | १ | - | - | १ | - | |
| ९. परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली | १२ | १० | - | २ | - | |
| १०. नेपाल एपीएफ अस्पताल, बलम्बु | ६ | २ | - | ४ | - | |
| ११. मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल, स्वयम्भू | २ | १ | - | १ | - | |
| १२. नर्भिक इन्टरनेशनल अस्पताल, थापाथली | ३ | १ | - | २ | - | |
| १३. शुभम इन्टरनेशनल अस्पताल, मनमैजु | २ | - | - | २ | - | |
| १४. ग्रीनसिटी अस्पताल, टोखा | २ | - | १ | १ | - | |
| १५. ह्याम्स अस्पताल, धुम्बाराही | १ | ० | - | १ | - | |
| १६. ग्रान्डे इन्टरनेशनल अस्पताल, टोखा | २ | २ | - | - | - | |

## Rasuwa Flood: Damaged Health Facilities




श्रोत: HEOC

## यातायात व्यवस्थापन सम्बन्धमा

- पृथ्वी राजमार्ग (मुग्लिङ्ग - मलेखु खण्ड): कृष्णाभिर र परेवा भिर मा toe cutting का कारण यातायात पूर्ण रुपमा अबरुद्ध। बैकल्पिक मार्गको खोजी कार्य भैरहेको।
- गल्छी-देवीघाट: ठुली खोला नजिक लेदो सडकमा जम्मा भएको पहिरो हटाउने काम जारी। देविघाट स्थित तादी नदीको पुल बगाएको र सो मा बेलीब्रिज जडान गर्नु पर्ने अवस्था रहेको।
- देवीघाट-ढुङ्गे: पूर्ण रूपमा सुचारु।
- ढुङ्गे-त्रिशूली/बेत्रावती: विदुर–बेत्रावती १० किमी सडक खण्डको ७.५ किमी क्षेत्र सफा गरिसकिएको र बाढीले पूर्ण रूपमा बगाएको बाँकी २.५ किमीमध्ये ब्रेकरसहितको एक्काभेटर प्रयोग गरी ०.५ किमी कडा चट्टान काटेर सडक निर्माण गर्ने कार्य भइरहेको छ।
- धादिङ वैकल्पिक मार्ग: धादिङबेँसी-गजुरीटार हुँदै पृथ्वी राजमार्ग जोड्ने बाटो खुलेसँगै सदरमुकाम पुनः जोडिएको।
- रसुवा वैकल्पिक मार्ग: त्रिशुली देखि बेत्रावती सम्मको राजमार्ग क्षतिग्रस्त भएकाले सो रसुवा जिल्लामा यातायातको पहुँचको लागि ढिकुरे (मध्य पहाडी राजमार्ग), फेदी बेसी चोक, हिरामुनिटार, चोगते, बोरे भञ्ज्याङ, सानो खोला (रसुवा) धनस्वारा, भोर्ले जिबजिबे बोगटीटार (पासाङ ल्हामु राजमार्ग) सडक डिभिजन मार्फत मर्मत भैरहेको। नुवाकोट खण्डमा मर्मत भएको र रसुवा खण्डमा भोलीसम्म मर्मत सम्पन्न भई सवारी सुचारू गर्ने तयारी रहेको छ।
- देबिघाट पुलको विकल्प: देवीघाट स्थित क्षतिग्रस्त तादी खोला पुलको विकल्पको रूपमा पिपलटार (गल्छी त्रिशुली राजमार्ग), पासाङ ल्हामु राजमार्ग, धमले, निरञ्जना, बाघखोर, हर्रे, देउराली, कोल्पुटार (गल्छी त्रिशुली राजमार्ग)।
- त्रिशुली पारीको खण्डः त्रिशुली नदीका पुलहरूमा भएको क्षतिका कारण नुवाकोट जिल्लाको त्रिशुली पारीको भूभागलाई यातायात सञ्जालले जोड्न गल्छी (गल्छी त्रिशुली राजमार्ग), त्रिशुली पुल पारीबाट त्रिशुली नदीको दाँया किनार तर्फबाट कल्लेरीटार, कोशीखोला, पिमलटार, दर्शनटार, छत्रेखोला, गौरीबेसी, त्रिशुली बजार- मर्मत पश्चात चालु।

## संचार व्यवस्थापन सम्बन्धमा

- आपत्कालीन सम्पर्क तथा समन्वयलाई सहज बनाउन ३० वटा satellite phone (नुवाकोटः१५, रसुवाः१०, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणः ०५) को व्यवस्थापना गरिएको छ।
- बाढी प्रभावित करिडोर क्षेत्रका लगभग सबै टावर (साइटहरू) पुनः सञ्चालनमा आएसँगै धादिङदेखि रसुवा सीमासम्मको अधिकांश भू-भागमा सेवा सुचारु भएको छ।
- बाढीका कारण पूर्ण रूपमा क्षति भएका (बगेका) ३ वटा टावरहरूको कभरेज क्षेत्रलाई नजिकै रहेका अन्य टावरहरूमार्फत सेवा प्रदान गरिएको छ।
- प्रभावित क्षेत्रहरूमा ट्राफिक चाप (Congestion) कम गर्नका लागि नेटवर्क अप्टिमाइजेसनको कार्य सम्पन्न गरिएको छ।

## विद्युत पुनर्स्थापना सम्बन्धमा

- आजै मात्र रसुवा जिल्लाको आमाछोदीङमो गाउँपालिकाको अधिकांश भागमा सान्जेन जलविद्युतबाट छुट्टै प्रणाली मार्फत विद्युत् सुचारु गरिएको।
- २ किलो वाट क्षमताका थप १० थान संस्थागत सोलार प्रणाली तयारी अवस्थामा रहेको। NEA सँगको समन्वयमा AEPC मार्फत सोलार वितरण गर्ने पालिकाका वडाहरू पहिचान गरिएको।
- नुवाकोटमा ४४,००० लिटर डिजेल, २०,००० लिटर पेट्रोल र ५,००० लिटर हवाइ इन्धन (ATF) मौज्दात रहेको छ।

## रसुवा जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयहरू

- बाढीका कारण क्षतविक्षत भएको जिल्लाको सडक सञ्जाल सुचारु गर्न र वैकल्पिक सडक/पदमार्गको पहुँच स्थापित गर्न सम्बन्धित स्थानीय तह, बागमती प्रदेश सरकार र संघीय सरकारले आपसी समन्वयमा कार्य प्रारम्भ र तिब्रता गर्ने निर्णय।

सडक-पदमार्ग सुधारका लागि निकायगत जिम्मेवारी तोकिएको:

- महविर-कुवापानी सडकखण्डः प्रदेश सरकार मातहतका निकायले ४ दिनभित्र निर्माण/मर्मत/स्तरोन्नती गरिसक्ने।
- सादेबाटो-ठूलोगाउँ-तिरुन्गे-बादुनडाँडा सडकखण्डः बागमती प्रदेश सरकार मातहतका निकायले स्तरोन्नती/मर्मत/निर्माण गर्ने।
- ठूलो स्याफ्रु-खाम्जिङ, खैदी-वृद्धिम, पहिरेवेशी-डाँडागाउँ र शान्तिबजार जोड्ने स्थानहरूः संघीय सरकारमार्फत झोलुङ्गे पुलहरू निर्माण गरी सञ्चालनमा ल्याउने।
- त्रिशुली-बेत्रावती-धुन्चे सडकखण्डः डिभिजन सडक कार्यालयमार्फत यथासम्भव छिटो मर्मत गरी सञ्चालनमा ल्याउने।
- धिचेत-पाटीखर्क-सरमथली-लाचाङ सडकखण्डः प्रदेश सरकारका निकायहरूमार्फत मर्मत सम्भार तथा स्तरोन्नती गर्ने (यो निर्णय नं. २ र ६ को समानान्तर कार्यक्रमको रूपमा)।

- खोज तथा उद्धार सम्बन्धी सडक-सम्बद्ध कार्य: अपर त्रिशूली-१ (२१६ MW), रसुवागढी र चिलिमे जलविद्युत आयोजनाका टनेल क्षेत्रमा खोज तथा उद्धार टोली (ड्रोन, दक्ष जनशक्ति, आवश्यक औजार सहित) मिति २०८३/०५/१६ गतेदेखि खटाउने र यसका लागि आवश्यक जनशक्ति-सामग्री संघीय सरकारसँग अनुरोध गर्ने।

## नुवाकोट

### राहत वितरण

गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्र मार्फत एकद्वार प्रणाली अनुसार राहत वितरण सम्बन्धी कार्य भइरहेको।

- २१९ वटा संघ-संस्था मार्फत राहत संकलन भएको।
- १३१ वटा ठाउँहरूमा राहत वितरण भएको।
- १७ स्थानहरुमा २३ पटक हेली मार्फत राहत सामग्री पठाइएको।

### शव व्यवस्थापन

- कोल्पु खोला देखि मैलुङ्ग शान्ती बजार क्षेत्रसम्म त्रिशुली वारी र पारी गरी ३० ठाउँलाई आधार बनाई सुरक्षा निकायद्वारा थप खोजी कार्य जारी रहेको।

### वैकल्पिक सडक



- बाहुनेबेसी-लाच्याङ्ग-परच्याङ्ग-धुन्चे जाने सडकमा साना सवारी संचालनमा रहेको।
- विदुर- चोगते, बोरेभञ्ज्याङ्ग- लच्याङ्ग- जिरोकिलो- धुञ्चे जाने सडक खण्ड सञ्चालनमा रहेको।
- ढिकुरे- फेदीबेसी-चोगते, बोरेभञ्ज्याङ्ग- ढुङ्गेधारा हुँदै वेत्रावती रसुवा जाने बाटोमा साना सवारी संचालनमा रहेको।
- चोगाते- बोरेभञ्ज्याङ्ग- दण्डधारा- ढुङ्गेधारा- पाटीखर्क- भोर्ले सडकमा ठुला सवारी सञ्चालन गर्नका लागि पहल भईरहेको।
- विदुर नगरपालिकाबाट उपलब्ध HEAVY MACHINE हरु विदुर-११ थापाटार- बेत्रावती सडक संचालनका लागि कार्य भैरहेको।
- गल्छी- कोशीखोला- कोल्डाँडा- तार्केश्वर-२ वडा कार्यालय- छत्रेखोला पुल तरेर कुमलटार- लबडाँडा- सिरखाली- बुनीबेसी- कालीखोला- माझीगाउँ हुँदै कोलोनी जाने वैकल्पिक मार्ग सञ्चालन रहेको।
- कोलोनी- ढुंगे लगायत ठाउँमा तुइन सञ्चालन गर्न तुइनको लठ्ठा ल्याइएको, विशेषज्ञ टोलीले उपयुक्त स्थान पहिचान गरि तुइन संचालनमा ल्याउने तयारी भइरहेको। ढुङ्गेमा तुइन राख्ने कार्य सम्पन्न भई Load Testing को कार्य भइरहेको र देवीघाटमा आजै तुइन राख्ने कार्य सम्पन्न गर्ने गरि तिब्र गतिमा कार्य भईरहेको।

### खानेपानी

- देवीघाटमा बोरिङ्गबाट जेनेरेटर प्रयोग गरी खानेपानीको व्यवस्थापन भएको।
- विदुरमा विभिन्न स्थानहरुमा ट्याङ्करबाट खानेपानी व्यवस्थापन गर्ने कार्य भइरहेको।

## उद्धार तथा घाइते व्यक्तिहरूको विस्तृत जानकारीका लागि

विभिन्न स्थानबाट उद्धार गरिएका व्यक्तिहरूको प्रमाणित नामावलीका लागि

उद्धार गरी उपचारका लागि काठमाडौं ल्याइएका घाइते व्यक्तिहरूको विवरणका लागि, जसमा हाल उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका व्यक्तिहरू समेत समावेश छन्

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

राहत सामग्री उपलब्ध गराउने संघसंस्था तथा निकायहरूले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सँग अनिवार्य रूपमा समन्वय गर्नुपर्नेछ। प्राधिकरणको आवश्यकता सूचीअनुसार दर्ता तथा प्रमाणीकरण प्रक्रिया पूरा गरेपछि मात्र राहत सामग्री हस्तान्तरण गर्नुपर्नेछ।

**थप जानकारीका लागि सम्पर्क गर्नुहोस्: ९८४९२८१०९७**